गढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
औरावनी, सुनसरी

**Section I: Invitation for Bid** (वोलपत्रको लागि आवहान)

प्रथम पटक प्रकाशित मिति २०७४/०९/०३

यस कार्यालयको आ.व. ०७४/७५ को तपसील बमोजिमको स्वीकृत कार्यक्रमहरू वोलपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले इच्छुक निर्माण व्यवसायीहरूले निम्न शर्तहरूको अधिनमा रही वोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## शर्तहरू

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगद बुझाई नगदी रसीद वा रा.बा.बैक, ईनरूवामा रहेको यस गढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको खाता नं.२२२०३०४०१८१०५ मा जम्मा गरेको **भौचर साथ निर्माण व्यवसायीले व्यवसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्रका र आ.ब.२०७३/०७४ कर चुक्ताको प्रमाणपत्रको प्रमाणपत्रको प्रमाणित** प्रतिलिपिहरू संलग्न राखी यस कार्यालय, औरावनी ,सुनसरी तथा www.gadhimun.gov.np बाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं (मिति २०७४/१०/२ गते) दिन कार्यालय समय भित्र सम्म खरिद गर्न सकिनेछ ।

२. खरिद भएको वोलपत्र फारमहरूमा उल्लेख भएका सबै विवरण रितपूर्वक भरि वोलपत्र दाताले प्रत्येक पानामा सही छाप गरि कामको विवरण, वोलपत्रदाताको नाम, ठेगाना र फोन न. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप प्रथम पटक सूचना प्रकाशन भएको मिति ३१ औं. (मिति २०७४/१०/०३) गतेका दिन दिउँसोको १२.०० बजे सम्म यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

३. दर्ता भएका वोलपत्रहरू सोही दिन दिनको २.०० बजे कार्यालयका प्रतिनिधिहरू र वोलपत्र दाता वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । वोलपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि वोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

४. वोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

५. वोलपत्र फारमसाथ जमानत बापत तपसिलमा तोकिएको रकम रा.बा.बैंक ईनरूवा, सुनसरी स्थित कार्यालयको धरौटी खाता नं.२२२०३०३००७१०५ मा रकम जम्मा गरि सक्कल बैंक भौचर वा नेपाल सरकारबाट बिड बण्ड जारी गर्न सक्ने ईजाजत प्राप्त बैंकहरूबाट वोलपत्र दर्ता गर्नै अन्तिम मितिबाट १२० दिन म्याद रहेको पेश गर्नु पर्ने छ ।

६. वोलपत्रदाताले वोलपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । वोलपत्रमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर दुवै स्पष्ट लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठांउमा वोलपत्रदाताको सही छाप भएको हुनुपर्नेछ ।

७. यस गाउँपालिकाको हितलाई ध्यान राखि कुनै जनाई वा नजनाई पुरा वा अंशिक रूपमा स्वीकृति गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका वोलपत्रहरू मान्य हुनेछैन ।

९. बोलपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने" सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा, स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम हुनेछ ।

११. यो सुचना सार्वजनिक खरिद अनुगमन कार्यालय र गढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको **website: www.gadhimun.gov.np** मा समेत राखिएको छ ।

१२. वोलपत्र स्वीकृत भएपछि परफरमेन्स बण्ड बापत वोलपत्र दाताले कबोल गरेको अंकको नियमानुसार हुने रकम यसै सूचनाको बुदा नं.५ मा उल्लेखित खातामा नगद जम्मा गरेको सक्कल बैक भौचर वा यस कार्यालयका पक्षमा न्यूनतम कार्य सम्पन्न गर्नु पर्ने अवधि भन्दा कम्तीमा १३ महिना बढीको म्याद राखि जारी गरेको बैंक जमानी पत्र पेश गर्नुपर्ने छ ।

१३. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेशन अनुसार हुनुपर्नेछ । वोलपत्र दाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ ।

## तपसिल

| सि.न | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टिनजेन्सी बाहेक) | वोलपत्र जमानत रकम रू.मा | फारम दस्तुर रकम |
|---|---|---|---|---|---|
| १ | ०१/०७४/०७५ | सितागंजको नहर देखि जमुवा मधेली १ सम्म माटो पुरी ग्राभेल गर्ने कार्य | २१४६४६९।७५ | ५४,०००। | ३०००। |
| २ | ०२/०७४/०७५ | मधेली पुरानो वडा नं. ८, ९ देखि तिनकुने सम्म नाला सहितको ग्राभेल | ५१५०८४०।८२ | १२९,०००। | ३०००। |
| ३ | ०३/०७४/०७५ | दुहवी इनरूवा वाटो देखि ७,८ कोलहरूवा | ३००४४८४।१७ | ७५,५००। | ३०००। |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | स्कुल सम्मको वाटोमा र सत्तेरझोरा जोड्ने वाटो माटो पुरी ग्राभेल गर्ने | | | |
| ४ | ०४/०७४/०७५ | गढी वडा नं. ३ पोदार थान देखि झागडटोल सम्म बाटो माटो पुरी ग्राभेल गर्ने तथा १.५ मि. स्पानको स्लाव कल्भर्ट दुइ वटा | ४२९२३२०।४० | १०७५०००। | ३०००। |
| ५ | ०५/०७४/०७५ | सत्तेरझोरा वडा नं. ५,६ मा कृषि वाटो देखि गोड्न पुल समेत ओम नहर सम्म ग्राभेल गर्ने | ४२०६३१७।६० | १०५५००। | ३०००। |

प्रमुख प्रशासकीय अधिकृत